# सदाचार, निष्ठा र विद्यालय शिक्षा

✍खगराज बराल*

**लेखसार**

सदाचार, निष्ठा र नैतिकता व्यक्तिका नैतिक गुणहरू हुन् । राम्रो आचरण सदाचार हो । निष्ठा भनेको कुनै विषयप्रतिको भर, विश्वास वा पत्यार हो । सत्यलाई आत्मसात् गर्नु निष्ठा हो । यो कामप्रतिको लगाव हो । त्यसैगरी मूल्य, मान्यतामा आधारित भई सोअनुकूल व्यवहार गर्नु नैतिकता हो । सदाचार, निष्ठा र नैतिकता आम मानिसको जीवनमा आवश्यक हुन्छ । यस्ता गुणहरू सार्वजनिक क्षेत्रमा कार्यरत व्यक्तिहरूमा त झन् जरुरी हुन्छ । यस्ता विषयवस्तुहरूले विद्यालय शिक्षाको पाठ्यक्रममा उद्देश्य, विषयवस्तु र विषयका रूपमा लामो समयदेखि स्थान पाउँदै आएका छन् । तर पनि त्यस्तो विद्यालय शिक्षाको उत्पादनमा यस्ता चरित्र प्रतिबिम्बन हुनसकेको छैन । हाल कार्यान्वयमा रहेका विद्यालय शिक्षाका पाठ्यक्रममा नैतिकता सम्बद्ध कुराहरू कुनै न कुनै रूपमा छन् । कक्षा ६-८ मा त नैतिक शिक्षा एउटा विषयकै रूपमा रहेको छ । अन्य कक्षाका विषयमा पठन सामग्रीका रूपमा यस्ता कुराहरू समावेश भएका छन् । त्यस्ता पाठ्यक्रमको शिक्षणबाट उत्पादित जनशक्तिमा अपेक्षित उपलब्धि भने हासिल हुन सकेको छैन । तसर्थ, चारित्रिक विषयवस्तु विद्यालय शिक्षादेखि उच्च शिक्षामा विभिन्न रूपमा समावेश गर्नुपर्दछ । विषयवस्तु अध्ययन, अध्यापनका अलावा यस्ता कुराहरू विद्यार्थीको व्यवहारमा देखिने गरी विभिन्न क्रियाकलाप गर्नुपर्दछ । यसले भावी पुस्तालाई सद्चरित्रले युक्त हुन सहयोग गर्दै अनुकरणीय समाज निर्माण गर्न सहयोग गर्दछ ।

## विषय उठान

महाभारतअनुसार राजा परीक्षित्को सद्गुणका कारण कलिले प्रवेश गर्न सकेको थिएन । कलिसँगै खराब प्रवृत्ति भित्रिँदै थियो । मानिस ज्यादै स्वार्थी हुँदै थियो । कलिका अनुरोधमा राजा परीक्षित्ले कलिका लागि स्थान तोकिदिएको महाभारतमा उल्लेख छ । यस्ता चार स्थानमा असत्य (जुवा), मद (रक्सी), आसक्ति, निर्दयता (हिंसा) थिए । यसको मतलब कलि अर्थात वर्तमान समयमा सदाचार र निष्ठा सङ्कटमा पर्ने अवस्था आयो । महाभारतमा उल्लेख भएका कुराअनुसार नै वर्तमान समयमा नैतिकता, न्याय, असल चालचलन, सद्व्यवहार, आत्मिक चेतना, आचारसंहिता, सदाचार, श्रमको सम्मान, मर्यादा, आचरण, अनुशासन, सद्गुण, शिष्टाचार, असल बानी जस्ता कुरामा विचलन आएको छ । यो अवस्था वर्तमानमा हामीले भोगिरहेका छौँ । यस समस्याबाट छुट्कारा पाउने मुख्य उपाय नै नैतिक शिक्षा हो । नैतिक

*सचिव, नेपाल सरकार

शिक्षाबाट व्यक्तिमा सदाचार, निष्ठा तथा सत्चरित्र विकास गर्न सकिन्छ । यसको मुख्य जिम्मेवार निकाय घरपरिवार हो, त्यसपछि शिक्षण संस्था हुन् । व्यक्तिले प्रारम्भिक जीवनमा सिकेका सिकाइले नै जीवनभर प्रभाव जमाइराखेको हुन्छ । असल सिकाइबाट नै सदाचार प्रवर्धन हुन्छ, व्यक्ति निष्ठावान् हुन्छ र व्यवहारमा अवलोकन र अनुभूति गर्न सकिन्छ । यस लेखमा सदाचार, निष्ठा र नैतिकताको चर्चा गर्दै विद्यालय तहमा नैतिक शिक्षा, विद्यालय शिक्षाका पाठ्यक्रम, शिक्षाका उद्देश्यमा नैतिक शिक्षा, उद्देश्य र उत्पादनबिचको खाडल, आधारभूत शिक्षा (कक्षा ६-८) मो नैतिक शिक्षा विषयमा भएका प्रावधान, भावी दिशा र अन्त्यमा निचोड निकालिएको छ ।

## सदाचार, निष्ठा र नैतिकता

कसैको दृष्टि नपरेका बखत पनि सही काम गर्न नधर्मराउनु सदाचार हो । सदाचारको प्रसङ्ग उठ्दा एकैपटक तिन शब्द आउँछन् : सदाचार, सदाचारिता र सदाचारी । सदाचार शब्दलाई नेपाली बृहत् शब्दकोशले शास्त्रले बताएअनुसारको वा व्यवहारमा गर्नुपर्ने राम्रो आचरणह असल चालचलन, सद्व्यवहार भनी अर्थ्याएको छ । सदाचारितालाई सदाचारमा रहने चाल, सदाचारी बन्नका निम्ति गरिने कार्य भनी अर्थ लगाएको छ । सदाचारीलाई सदाचारमा रहने, असल चालचलन वा आचरण भएको भनी अर्थ्याएको छ (नेपाली बृहत् शब्दकोश : २०६७, पृ.१२२३) । वसन्तकुमार शर्माको नेपाली शब्दसागरमा सदाचारको अर्थ सद्व्यवहार, सदाचरण, सुन्दर व्यवहार भनिएको छ । यही शब्दसागरमा सदाचारितालाई सदाचारका रहने गुण वा शील वा काम भनिएको छ । यस्तै, सदाचारितालाई उत्तम आचरण भएको, सद्व्यवहार गर्ने, राम्रो चालचलनको भनिएको छ (शर्मा : २०७०, पृ. १६५४) । सदाचार इमानदारिता, बफादारिता, विश्वास र उच्च नैतिक व्यवहारसँग सम्बन्धित छ । सदाचारिता स्वार्थलाई न्यूनतम् बिन्दुमा राख्नेतर्फ प्रेरित गर्ने तत्त्व मानिएको छ । सत्य र रीत विपरीतका व्यवहार सदाचार होइनन् । असल चालचलन वा सद्व्यवहार नहुनु सदाचार नहुनु हो । नैतिक शिक्षा तथा सुशासनमा बालकृष्ण प्रसाई र विमलप्रसाद ढकाल लेख्छन् : सदाचार भनेको कुनै पनि व्यक्तिमा अन्तर्निहित इमान्दारी र नैतिकरूपमा सिद्धान्तनिष्ठ हुने गुण वा विशेषता हो । आचारशास्त्रअनुसार सदाचारलाई कुनै व्यक्तिको कामकारबाहीमा हुने इमान्दारी, सत्यता वा शुद्धताको रूपमा लिइन्छ । व्यक्ति कुनै काममा सफल र कुनैमा असफल पनि हुनसक्छ, तर सदाचार चिरस्थायी हुनुपर्दछ । सधैँभरि सबै परिस्थितिमा सही र सत्य व्यवहार गर्ने मानिसलाई सदाचारी भनिन्छ (प्रसाई र ढकाल : २०७२, पृ.३) ।

वसन्तकुमार शर्माको नेपाली शब्दसागरले निष्ठा शब्दलाई कुनै विषय वा काम वा मान्यता आदिमा हुने श्रद्धा, आस्था, भक्तिभाव, आधार, भर, विश्वास, पत्यार, निर्णय भनी अर्थ्याएको छ । सत्य र रीतलाई बेवास्ता गर्नु निष्ठा होइन । कसैले तपाईंको कामलाई हेरिरहेका छैन भने पनि सही वा ठिक काम गर्नु नै निष्ठा हो । सही कामप्रति लगाव हुनु निष्ठा हो । सत्यमा विश्वास गर्ने व्यक्तिका विचार र व्यवहार एकआपसमा मेल खाने किसिमका हुन्छन् । विचार एउटा र व्यवहार अर्को हुँदैन । निष्ठा

भनेको व्यक्तिगत लाभका आधारमा भन्दा मूल्यका आधारमा विचार र कामको छनोट गर्नु हो, आफ्नो व्यक्तिगत आचारसंहिता कायम राख्नु हो । आफूलाई ठिक वा बेठिक जे लागे पनि एउटै कुरामा अडिग रहनु हो । अरूलाई अन्य कुरा ठिक लाग्न सक्छ । अरूले पनि आफ्ना निष्ठाअनुसार व्यवहार गरेका हुन्छन् । निष्ठावान् व्यक्तिले आफैँले आफैँलाई ऐनामा हेर्न सक्छ, आफैँले आफैँलाई केही लुकाउनु पर्दैन । निष्ठावान् व्यक्ति खुला र इमानदार हुन्छ । उसको जीवन सरल र सादगी हुन्छ । उसमा बढप्पन हुँदैन । निष्ठावान् हुनु भनेको आफैँसँग इमानदार बन्नु हो । व्यक्ति निष्ठावान् बन्नुपर्छ । निष्ठाले व्यक्तिलाई आत्मसम्मानतिर लैजान्छ । निष्ठालाई नैतिक शुद्धता, इमानदारी, गतिलोपना, सत्य निष्ठता पनि भन्ने गरिन्छ ।

नीति भनेको नैतिकता अथवा सदाचार हो (चापागाई : २०६८, पृ.५६) । समाजका आफ्नै रीत हुन्छन् । मूल्य र मान्यता हुन्छन् । सदाचार र निष्ठा मूल्यमा आधारित हुन्छन् । समाजमा विद्यमान धर्म, आध्यात्मिकता, विवेक, न्याय र संस्कार नै मूल्यका स्रोत हुन् । समाजको उन्नतिसँग मूल्यहरू स्थापित हुँदै जान्छन् (चापागाई : २०६८, पृ.४९) । मानिसका विश्वव्यापी मूल्यअन्तर्गत नैतिक पक्षमा इमानदारिता, न्याय र एकता पर्छन् । सामाजिक मूल्य तथा मान्यतालाई व्यक्तिले घर परिवार, विद्यालय, समुदाय, दौँतरी, सञ्चार माध्यम र विभिन्न सङ्घसंस्थाबाट ग्रहण गरेको हुन्छ । सामाजिक मूल्य र मान्यताको अनुशरण गर्दै सदाचारी बन्नु एक किसिमको शिक्षा हो । शिक्षा मानवको शृङ्गार हो भने नैतिकता अलङ्कार हो (चापागाई : २०६८, पृ.५६) । नीतिहरू लोककल्याणका लागि निर्माण हुन्छन् । सबैको हित गर्नु नीतिको आशय हो । नीतिले व्यक्ति, समाज, राष्ट्र तथा विश्वको अहित गर्दैन अहित चिताउँदैन । नीतिभित्र असल चरित्र, विचारको स्वच्छता, पुण्यकर्महरू गर्नु र निस्वार्थ रूपले त्याग गर्नु आदि पर्दछन् (चापागाई : २०६८, पृ.५६) । नीतिलाई व्यवहारमा लागु गरेमा नैतिकता कायम हुन्छ । नैतिकता व्यवहारमा अवलोकन गर्ने कुरा हो व्यक्ति र समुदायले अनुभूति गर्ने कुरा हो । नीति भनेको बल गरेर पिलाउनेभन्दा हामी सबैमा हुनुपर्ने, सिक्नुपर्ने नैसर्गिक र स्वभाविक गुण हो (चापागाई : २०६८, पृ.५६) । नैतिक धरातलमा उभिने व्यक्तिको बल नै कुनै विषय, मान्यता वा काम प्रति निष्ठा हो । यसैले नै व्यक्तिमा सदाचारिताको विकास गराउँछ । सदाचार परिस्थितिको उपज हुन सक्दैन, यो त सत्य एवम् निष्ठामा उभिने व्यक्तिको मनस्थितिको उपज हो । हामी जहाँ भए पनि जेसुकै गरे पनि हाम्रो जीवनको आधार नै नैतिकतालाई ठान्नुपर्छ जसले गर्दा हामी अरू विभिन्न क्षेत्रमा पनि सफलता हासिल गर्न सक्छौ (चापागाई : २०६८, पृ.५६) । इमानदार हुनु व्यक्तिको महत्त्वपूर्ण योग्यता हो । इमानदारितालाई नैतिक सिद्धान्तले मार्गदर्शन गर्छ । नैतिकता व्यवहारमा लागू गर्ने कुरा हो ।

जन्मेपछि मानिस मर्नुपर्छ नै । मानिस एकपटक मात्र जन्मन्छ । यो अमूल्य जीवनलाई सार्थक बनाएर जिउनुपर्छ । पृथ्वीमा जन्म लिएपछि सत्कर्म गर्नुपर्छ । यो जन्मलाई सार्थक बनाउन सकारात्मक काम गर्नुपर्छ । अनैतिक कर्म गर्नु हुँदैन । पौरस्त्य दर्शनअन्तर्गतको आस्तिक दर्शनको मुख्य लक्ष्य धर्म, अर्थ, काम र मोक्ष हो । पहिलो लक्ष्य धर्म अर्थात् सबैको हित गर्नु हो । दोस्रो लक्ष्य अर्थ हो । अर्थको मतलब

धर्म अनुकूलको अर्थार्जन हो, धनार्जन हो । अधर्म गरेर धनार्जन गर्नु पाप हो । तेस्रो लक्ष्य काम हो, अर्थ क्षमताको आधारमा इच्छापूर्ति गर्नु हो । चौथो लक्ष्य सबै प्राप्तिपछि सांसारिक लगावबाट मुक्ति लिनु हो, मोक्ष हो । धर्मअनुसारको कर्म, कर्मअनुसारको अर्थार्जन, अर्थको क्षमताअनुसारको इच्छापूर्ति र यी तिन लक्ष्य प्राप्तिपछि संसारबाट मोक्ष । पृथ्वीमा जन्मेपछि यी चार लक्ष्य हासिल गर्न कुनै अनैतिक काम गर्नु पर्दैन । सदाचारपूर्वक कार्य गरी यी चार लक्ष्य प्राप्त गर्न सकिन्छ । अनि किन अनैतिक, गैरचारित्रिक कामतिर ध्यान दिने ? सत्कर्मतिर ध्यान दिएपछि धर्मैधर्म हुन्छ ।

## विद्यालय तहमा नैतिक शिक्षा

नैतिक शब्द शिक्षा शब्दसँगसँगै जोडिएर असल जीवनयापनका निम्ति बालबालिकाहरूलाई राम्रो बानी, व्यवहार तथा गुणहरूको विकास गर्न सघाउ पुऱ्याउने शिक्षाको रूपमा स्थापित भएको छ (प्रसाई र ढकाल: २०७२, पृ.३) । नीति लोककल्याणका लागि निर्माण हुन्छन् चाहे ती लिखित हुन् वा अलिखित । कतिपय असल परम्परा नीतिका रूपमा स्थापित भएका हुन्छन् । तिनै नीति व्यवहारमा कार्यान्वयन गरेपछि नैतिक भइन्छ । नैतिकता व्यवहार वा चालचलनसँग सम्बन्धित हुन्छ । नैतिकता भनेको व्यक्ति नैतिक हुने गुण हो, के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने कुराको कुनै नियम, सिद्धान्त आदिमा आउने र पालना गर्नुपर्ने आचरण तथा व्यवहारको परिष्कृत र नैतिक रूप हो । यसलाई व्यक्तिको व्यवहारलाई नियन्त्रण वा प्रभाव पर्ने नैतिक सिद्धान्त पनि भनिन्छ (प्रसाई र ढकाल: २०७२, पृ.३) । नैतिकताको मूल स्रोत घर परिवार हो । बालबालिका घरपरिवारबाट बाहिर निस्कँदा विद्यालय, समुदाय, समाज, दौँतरी, सङ्घसंस्था, आमसञ्चार आदिका सम्पर्कमा पुग्छन् । यी ज्ञान, सिप, प्रवृत्ति, मूल्य तथा काम गर्ने तत्परतामा बढावा दिने एजेन्ट हुन् । मानिस जन्मेपछि हुर्किँदै बढ्दै जाँदा आफ्ना घरपरिवार, समुदाय, समाजमा जे जस्तो देख्दै र सिक्दै जान्छ, सिकाइँदै लगिन्छ, त्यसैबाट उसको आचरण व्यवहारको विकास हुँदै गएको हुन्छ (प्रसाई र ढकाल: २०७२, पृ.३) । नैतिक शिक्षा प्राप्त गर्दैमा सबै नैतिकवान् हुन्छन् भन्न त सकिँदैन । नैतिक शिक्षा प्राप्त नगरेको व्यक्ति नैतिकवान् बन्ने सम्भावना कम हुन्छ । नैतिक शिक्षाले गर्न हुने र नहुने कुराको पर्याप्त सूची उपलब्ध गराइदिन्छ । व्यक्तिलाई सचेत र सतर्क बनाइदिन्छ । व्यक्तिको चेतन तथा अर्धचेतन मनलाई झस्काइदिन्छ । नैतिक शिक्षाप्राप्त बालबालिकाहरू इमानदार, सहिष्णु, अरूप्रति आदरभाव राख्ने र आफ्नो जिम्मेवारीबोध गर्ने स्वभावका हुन्छन् । (प्रसाई र ढकाल: २०७२, पृ.३) ।

बालबालिकाले सानैदेखि आफ्नो घर र छरछिमेकबाट धेरै कुरा सिक्दै आएका हुन्छन् । विद्यालय, सामाजिक संस्था, क्लब वा धार्मिक प्रतिष्ठानहरूको माध्यमबाट असल कुरा सिक्दै जान्छन् (प्रसाई र ढकाल: २०७२, पृ.३) । नैतिक आचरण, सदाचार, निष्ठा, इमानदारिता, जवाफदेहिता औपचारिक रूपमा सिकाउने प्रारम्भिक पाठशाला विद्यालय हो । यस्ता विषयवस्तु अनौपचारिक रूपमा हरेक घरपरिवारले सिकाउनुपर्छ । त्यसैले घरलाई पहिलो पाठशाला भनिएको हो ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले शिक्षाको राष्ट्रिय उद्देश्यमा प्रत्येक व्यक्तिमा नैतिक चरित्र, परिश्रम गर्ने बानी एवम् स्वावलम्बी हुने बानीको विकास गर्न उल्लेख गरेको थियो । यस्तै निम्नमाध्यमिक शिक्षा (कक्षा ४-७) को उद्देश्य देशभक्ति, राजभक्ति सिकाइ चरित्र निर्माण गर्नु भन्ने थियो (राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८) । विद्यालय तहको शिक्षामा नैतिक शिक्षाले विषयका रूपमा प्रवेश वि.सं. २०३८ सालमा नै पाएको हो तर नैतिक शिक्षालाई धार्मिक शिक्षाका रूपमा अर्थ्याउने सोचका कारण नैतिक शिक्षा सङ्कटमा परेको हो । कतिपयले नैतिक शिक्षालाई आध्यात्मिक शिक्षाका रूपमा बुझ्ने गरेको पाइन्छ । नैतिक शिक्षाका केही विषयवस्तु विज्ञानसम्मत् नभएका र विज्ञानसँग बाझिएका कारण पनि नैतिक शिक्षालाई आवश्यक नठानिएको हुन सक्छ । तर नैतिक शिक्षाको विषयवस्तु पृथ्वीको उत्पत्ति, यसमा ईश्वरको भूमिका जस्ता विषयवस्तु विज्ञानसँग बाझिए पनि नैतिक आचरण, सदाचार, निष्ठा, इमानदारिता, जवाफदेहिता जस्ता विषयवस्तु सार्वभौम हुन् र यी जुन समय र कालमा पनि सान्दर्भिक हुन्छन् । कतिपय सन्दर्भमा नैतिक शिक्षालाई मानव मूल्यमा आधारित शिक्षा भनिने पनि गरिएको पाइन्छ । हुनत: नैतिक शिक्षाका कतिपय विषयवस्तु नागरिक शिक्षा, सामाजिक अध्ययनमा पनि उल्लेख भएको पाइन्छ । भाषा विषयमा निबन्ध, कथा, कविता आदिमा पनि नैतिक शिक्षाका विषयवस्तु हुन्छन् । तर यतिले मात्र नैतिक शिक्षाका लागि आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति, मूल्य र काम गर्ने तत्परता प्राप्त हुँदैनन् । अन्य विषयको प्रयोजन फरक फरक हुन्छ । हुनत: नैतिक शिक्षाका कतिपय विषयवस्तु नागरिक शिक्षा, सामाजिक अध्ययनमा पनि उल्लेख भएको पाइन्छ । विगतमा कक्षा ४ देखि ७ सम्म नैतिक शिक्षा एउटा विषयका रूपमा थियो । केही समय यसलाई विद्यालय शिक्षाको विषयबाट हटाइयो आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ ले नैतिक शिक्षालाई कक्षा ६ देखि ८ सम्म मुख्य विषयका रूपमा पुन: लागु गरेको छ ।

## शिक्षाका उद्देश्यमा नैतिक शिक्षा

देशका लागि आवश्यक पर्ने जनशक्तिको उत्पादन शिक्षालयले गर्छन् । कस्ता किसिमका जनशक्ति उत्पादन गर्ने भन्ने कुरा शिक्षाको राष्ट्रिय उद्देश्यमा प्रतिबिम्बन हुन्छन् । शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य र विषयगत उद्देश्यले सम्बन्धित तह, कक्षा र विषयको सिकाइपश्चात् विद्यार्थीले सिक्नुपर्ने ज्ञान, सिप, प्रवृत्ति, मूल्य र काम गर्ने तत्परता प्रतिबिम्बन गर्छन् । यिनै उद्देश्यअनुसार विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण सिकाइका विधि र प्रविधि, सिकाइको परीक्षण तथा मूल्याङ्कनका तरिका उल्लेख गरिएका हुन्छन् । वर्तमान विद्यालय तहको पाठ्यक्रमलाई सर्सती हेर्दा शिक्षाका राष्ट्रिय उद्देश्य, राष्ट्रिय पाठ्यक्रम प्रारूप, प्राथमिक शिक्षाका उद्देश्य, गुरुकुल, गोन्पा तथा मदरसा शिक्षाका प्राथमिक तहका उद्देश्य, आधारभूत शिक्षाका उद्देश्य, माध्यमिक शिक्षाका उद्देश्य आदिमा नैतिकता, चारित्रिक गुणको विकास गरी नैतिकवान् नागरिक तयार गर्ने रहेको पाइन्छ । वर्तमान समयमा विद्यालय तहका शिक्षाको संरचनामा आधारभूत शिक्षा (कक्षा ६-८) मा नैतिक शिक्षा नामको विषय भए पनि अन्य तह र कक्षामा

यो विषयले निरन्तरता पाएको छैन । यहाँ विद्यालय तहका शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र आधारभूत तह (कक्षा ६-८) को नैतिक शिक्षा विषयको तहगत तथा कक्षागत उद्देश्य उल्लेख गर्ने प्रयास गरिएको छ ।

शिक्षाको राष्ट्रिय उद्देश्य : प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्ने चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) ।

प्राथमिक शिक्षाको उद्देश्य : राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६६,पृ.३) ।

गोन्पा (गुम्बा) शिक्षाको प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रम : नागरिकमा नैतिकता, अनुशासन र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने (गोन्पा (गुम्बा) शिक्षाको पाठ्यक्रम प्राथमिक तह १-५, २०६५, पृ.२) ।

मदरसा शिक्षाको प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रम : नागरिकमा नैतिकता, अनुशासन र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने (गोन्पा (गुम्बा) शिक्षाको पाठ्यक्रम प्राथमिक तह १-५, २०६५,पृ.२) ।

आधारभूत शिक्षा (कक्षा ६-८) को तहगत सक्षमता : स्वस्थ, नैतिक र असल सामाजिक व्यवहारको विकास (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९,पृ.ख) ।

आधारभूत शिक्षा कक्षा १-८ का उद्देश्य : राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई आपसी सद्भाव, अनुशासन, नैतिकता, सामाजिक शिष्टाचार, सहयोगीपन, इमानदारी जस्ता व्यक्तिगत र सामाजिक गुणको विकास गर्नु (गुरुकुल शिक्षाको पाठ्यक्रम, आधारभूत तह कक्षा १-८, २०६८,पृ.२) ।

गुरुकुल शिक्षा (कक्षा १-८) का उद्देश्य : गुरुकुल शिक्षाका माध्यमबाट सदाचार, अनुशासन, स्वावलम्बन एवम् सच्चरित्रको अनुसरण गर्ने प्रवृत्तिको विकास गराउने (गुरुकुल शिक्षाको पाठ्यक्रम, आधारभूत तह कक्षा १-८, २०६८,पृ.३) ।

माध्यमिक शिक्षा उद्देश्य : देशको बहुसांस्कृतिक र लोकतान्त्रिक मूल्यमान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्ने । इमानदारी, आत्मनिर्भरता, रचनात्मकता, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेहिता, आत्मविश्वास जस्ता गुणको विकास गर्ने (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६५, पृ.३) ।

## उद्देश्य र उत्पादनबिचको खाडल

विद्यालय शिक्षाले सबैलाई समेट्न सकेको छैन । विद्यालय शिक्षा बाहिर अझै पनि केही बालबालिका रहेका छन् । तैपनि विद्यालय शिक्षाले आम जनतामा चेतनाको सञ्चार गरेको छ । हिजोका विद्यार्थी अहिले देशका नागरिक भएका छन्, आजका विद्यार्थी भोलिका देश हाँक्ने नागरिक पनि हुन् । शिक्षामा राष्ट्रले गरेको लगानी र पाठ्यक्रमले अपेक्षाअनुसार नागरिक उत्पादन हुन सकेको देखिँदैन । नागरिक चेतना माथिल्लो स्तरको भए पनि व्यवहारमा समस्या देखिएको छ । सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, पत्रकारिता क्षेत्रलगायतका सार्वजनिक सरोकारका सबै क्षेत्रमा नैतिकता र सदाचारमा प्रश्न उठ्ने गरेको छ । सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती, घुसका लेनदेन, अकर्मण्यता मौलाएको छ । दिनदिनका अखबारमा सार्वजनिक क्षेत्रका सेवा प्रदायकबाट अनियमितता भएका खबर आइरहेका छन् । निजी क्षेत्र सरकारको आँखा छल्न तल्लिन छ । कालो बजारी मौलाएको छ । दुध व्यवसायी पानी हालेर दुध बेच्न तल्लीन छन्, तरकारी व्यवसायी विषाधी हालेका तरकारी बेच्न रमाएका छन्, औषधी व्यवसायी मिति सकिएका औषधी बेचिरहेका छन्, खाद्यान्नलगायतका दैनिक उपभोग्य सामग्रीमा मिसावट छ, यातायात व्यवसायी आफ्नो मागअनुसारको भाडा वृद्धि नभएमा यातायात ठप्प पारिदिन्छन् । सार्वजनिक जनजीवनको पर्वाह नगरी विभिन्न माग राख्दै राजमार्ग र सडक अवरोध गरिन्छ । अपराधी खुलेआम हिँडिरहेका छन्, हिंसाका घटना दोहोरिएका छन्, सार्वजनिक शान्ति खलबलिएको छ, शान्ति सुरक्षाप्रति जनता आश्वस्त छैनन् । परीक्षामा चोर्ने, विद्यालयमा एकआपसमा झैझगडा गर्ने, शिक्षकसँग अभद्र व्यवहार गर्ने, कुनै कुरामा चित्त नबुझ्दा विद्यालयमा तोडफोड गर्ने, आमाबाबु, शिक्षक, अग्रजलाई सम्मान नगर्ने, लागु पदार्थ, धूमपान एवम् मद्यपान गर्ने, नियम कानुनको अवज्ञा गर्ने, नतिजा स्वीकार नगर्ने, आफैँ अध्ययन गरेका शिक्षण संस्था जलाउने, बाटो तथा राजमार्ग बन्द गराउने जस्ता गैरआचरण व्यवहार प्रदर्शन गरेका हुन्छन् । विद्यालय शिक्षाको विभिन्न उद्देश्य, पाठ्यक्रमका विषयवस्तुमा असल र खराब आचरण सम्बन्धी कुरा उल्लेख गरिएको हुन्छ, त्यसैबमोजिम शिक्षण सिकाइ पनि हुन्छ । विद्यार्थीले परीक्षा पनि उत्तीर्ण गर्छन् तर व्यवहारमा शुद्धता देखिँदैन, आचरणमा सदाचारिता भेटिँदैन ।

सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, पत्रकारिता क्षेत्रमा काम गर्ने जनशक्ति विद्यालय शिक्षाका उत्पादन हुन् । विगतका विद्यालय शिक्षाका उत्पादन हुँदाका समयमा शिक्षाको उद्देश्य, तहगत र कक्षागत उद्देश्य सदाचार र नैतिकता प्रवर्धन गर्ने थियो । तर शिक्षाका उद्देश्यअनुसारका उत्पादन भएकै थियो भन्न कठिन भएको छ । वर्तमानका उद्देश्य पनि असल तथा चरित्रवान् नागरिक उत्पादनमै केन्द्रित छ । यस्तो अवस्थामा विगतका जस्तै उद्देश्य एकातिर, उत्पादन अर्कोतिर हुँदैन भनेर भन्न सकिने अवस्था छैन ।

## आधारभूत शिक्षा (कक्षा ६–८) को नैतिक शिक्षा विषयमा भएका प्रावधान

विद्यालय तहको शिक्षामा नैतिक शिक्षा नामको विषय आधारभूत तह (कक्षा ६–८) मा मात्र छ । यसको आशय अन्य तह र कक्षामा नैतिकता सम्बन्धी विषयवस्तु नभएका भन्ने होइन । नैतिकता, सदाचार, निष्ठा जस्ता कुरा विभिन्न विषयमा घोलिएर रहेका छन् । नैतिकता, चारित्रिक गुण जस्ता शब्द शिक्षाको राष्ट्रिय उद्देश्य र तहगत उद्देश्यमा परेका पनि छन् । उद्देश्यमा उल्लेख भएका सबै कुरा पाठ्यपुस्तकले समेट्न सक्दैन । यस्ता विषयवस्तु शिक्षकले कक्षा शिक्षण क्रियाकलापका क्रममा प्रस्तुत गर्नुपर्छ । आधारभूत शिक्षा (कक्षा ६–८) मा नैतिक शिक्षा विषयको परिचय खण्डमा नैतिक शिक्षाको महत्त्व दर्शाउँदै यसरी लेखिएको छ :

नागरिकहरूमा समुचित एवम् जीवनोपयोगी शिक्षाको व्यवस्था भएमा नै राष्ट्रको सर्वाङ्गीण उन्नति हुन्छ । यसका लागि समग्र शिक्षा प्रणालीको केन्द्र बिन्दुमा नैतिक शिक्षा हुन जरुरी छ । नैतिक शिक्षाको उपयोग निश्चित धर्म संस्कृति वा नीतिका कथाहरूमा अभ्यस्त हुने वा तुल्याउने मात्र नभई यसलाई मानव जीवनका मूल्यहरूसँग सम्बन्धित गराई आचरण, चरित्र, गुण र स्वभावमा उतार्ने उपयुक्त माध्यमका रूपमा ग्रहण गर्नुपर्दछ । शिक्षाको उद्देश्य प्राज्ञिक सक्षमता मात्र नभई चरित्र विकास, सही प्रवृत्ति र मूल्यहरूको विकास गर्नुका साथै ज्ञानको प्राप्ति र उपयोग, अनुभवहरूको आदानप्रदानलाई सुनिश्चित गर्नु नै हो, जहाँ सत्य, धर्म, शान्ति, प्रेम र अहिंसाका आदर्शहरू निहित हुन्छन् । यस्तो शिक्षाले ज्ञान र बुद्धिको प्राप्तिलाई कर्तव्य र समर्पण (त्याग) सँग सन्निकट बनाउँछ । साथै मन, वचन र कर्मका समुचित र सन्तुलित परिचालनका लागि उत्प्रेरित गर्छ । यसर्थ नेपाली समाजका नैतिक मूल्य मान्यता र आस्थाहरूको संवर्धन गर्दै असल चरित्र निर्माणका माध्यमद्वारा समाजमा अनुकरणीय व्यवहार प्रदर्शन गर्ने सभ्य, सुसंस्कृत र स्वावलम्बी नागरिक तयार गर्ने उद्देश्यले आधारभूत तह (कक्षा ६–८) का लागि यो पाठ्यक्रम तयार गरिएको हो ।

नैतिक शिक्षा विषयको पाठ्यक्रमको मूलभूत उद्देश्य आधुनिक समाजका लागि सुयोग्य, स्वावलम्बी एवम् कर्तव्य र अधिकारलाई सन्तुलित ढङ्गले प्रयोग गर्न सक्ने प्रतिस्पर्धी नागरिक तयार गर्नु हो । यस प्रकारका नागरिकले नेपाली समाजमा एक आदर्श नागरिकको भूमिका निर्वाह गर्न सक्ने छन् । सामाजिक विसङ्गतिहरूको निराकरण, व्यक्ति, समाज र राष्ट्रको विकास निर्माणमा सक्रियता, प्राप्त ज्ञान र सिपको समुचित प्रयोगमार्फत समावेशी समाज निर्माण तथा सामाजिक रूपान्तरणका लागि उदाहरणीय कार्य गर्ने छन् । अतः मानवीय मूल्यको प्रवर्धन, कर्तव्य र अधिकारको सन्तुलन, व्यक्तिगत, सामाजिक र राष्ट्रिय तहमा शान्ति, भाइचारा र विश्वबन्धुत्वको भावनाको अनुशरणका लागि स्वयम् सरिक हुने, अन्य व्यक्तिलाई पनि सरिक हुन प्रेरित गर्ने र सामाजिक सहिष्णुताका साथ सामूहिक जीवन पद्धधतिको विकास एवम् चरित्र निर्माणका पक्षमा यस पाठ्यक्रमले विशेष जोड दिएको छ ।

यस पाठ्यक्रमले विशेषत: चरित्र विकास, मानवीय मूल्य मान्यता, नागरिक कर्तव्य र दायित्व, सामूहिक जीवन पद्धति र विविधता, अनुशासन तथा सकारात्मक सोच जस्ता विषय क्षेत्रलाई समेटेको छ । यस पाठ्यक्रममा सम्पूर्ण बालबालिकालाई चरित्र निर्माणका सैद्धान्तिक पक्षका साथै त्यसको व्यावहारिक प्रयोगप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिगत सिकाइ उपलब्धि, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारित रूपमा प्रस्तुत गरिएको छ (आधारभूत शिक्षा (कक्षा ६-८) मो नैतिक शिक्षा पाठ्यक्रम, २०६९)

यस पाठ्यक्रममा नैतिक शिक्षाका तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धिहरू पनि दिइएको छ । आधारभूत शिक्षा (कक्षा ६-८) पूरा गरेका विद्यार्थीहरूले असल चारित्रिक व्यवहार प्रदर्शन, मानवीय मूल्य मान्यताको प्रवर्धन, नागरिक कर्तव्य र दायित्वको परिपालना तथा अधिकारको खोजी र अनुशासन र सकारात्मक सोचको विकास र खोजमूलक व्यवहार प्रदर्शन गर्न सक्नुपर्छ । यो कुरा आधारभूत शिक्षा (कक्षा ६-८) को नैतिक शिक्षा विषयको तहगत सक्षमतामा उल्लेख छ । त्यस्तै, कक्षागत सक्षमतामा पनि कक्षागत रूपमा विद्यार्थीले देखाउनुपर्ने सक्षमता तोकिएको छ । नैतिक शिक्षा विषयमा छ कक्षाको अन्त्यमा विद्यार्थीहरू चरित्र निर्माणको अवधारणा र प्रभाव पार्ने तत्त्वहरू व्यक्त गर्न, चरित्र विकासका आधारशिलाहरू उल्लेख गर्न र व्यवहारमा देखाउन, असल चारित्रिक गुणको विकास गर्न, वैयक्तिक र पारिवारिक मानवीय मूल्यहरू पहिचान गरी सोअनुरूप व्यवहार गर्न, सकारात्मक सोचका साथ नागरिक कर्तव्य पालना गर्न र अधिकारको खोजी गर्न, सार्वजनिक सम्पत्तिको महत्त्व र आवश्यकता बुझी संरक्षण, संवर्धन र सदुपयोग गर्न, मर्यादित सामाजिक व्यवहार प्रदर्शन गर्न, नैतिक विकासमा सहयोग पुऱ्याउने स्थानीय अभ्यासहरू खोजी गरी निरन्तरता दिन जस्ता कार्य गर्न सक्षम हुने छन् भनी सक्षमता तोकिएको छ । नैतिक शिक्षा विषयमा सात कक्षाको अन्त्यमा विद्यार्थीहरू चरित्र विकासका विभिन्न नमुनाहरू प्रस्तुत गर्न र सोअनुसार व्यवहारमा अनुसरण गर्न, मानवीय आचरणका सम्बन्धमा धर्मका साझा सार व्यक्त गर्न र त्यसलाई व्यवहारमा उपयोग गर्न, धार्मिक एवम् सामाजिक आचरणबिच समन्वय गर्न, सामाजिक र पेसागत मानवीय मूल्यहरू पहिचान गरी त्यस्ता मूल्यहरूलाई व्यवहारमा उतार्न, असल नागरिकका गुण व्यवहारमा उतार्न, नैतिक दायित्वप्रति सचेत रही सोहीअनुरूपको कार्य गर्न, सामाजिक आचरण र नियमको पालना गर्न, असल सामाजिक संस्कृतिको निर्माणमा सहयोग गर्न, नैतिक विकासमा सहयोग पुऱ्याउने स्थानीय अभ्यासहरूलाई निरन्तरता दिन जस्ता कार्य गर्न सक्षम हुने छन् भनी सक्षमता तोकिएको छ । सोही विषयमा कक्षाआठको अन्त्यमा विद्यार्थीहरू असल चरित्रको प्रदर्शन गर्न, असल चरित्रले मानवीय जीवनमा पार्ने प्रभाव मनन गरी सोअनुरूपको व्यवहार गर्न, असल चरित्र निर्माणका लागि सत्य, सदाचार, शान्ति, प्रेम र अहिंसा जस्ता मानवीय मूल्य र मान्यता व्यवहारमा प्रयोग गर्न, राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा आध्यात्मिक मानवीय मूल्यहरूको पहिचान गरी त्यस्ता मूल्यप्रति सकारात्मक सोच राख्दै योगदान गर्न, पारिवारिक र सामाजिक दायित्व बोध गरी राज्यले निर्धारण गरेका आधारभूत कानुनको जानकारी लिई पालना गर्न र अधिकारप्रति सचेत रहन, दैनिक व्यवहारमा मितव्ययी भई साधन स्रोतको समुचित उपयोग

गर्न, सामाजिक एवम् सांस्कृतिक रूपान्तरणमा सहयोग गर्न, नैतिक विकासमा सहयोग पुऱ्याउने स्थानीय समुदायमा भएका असल अभ्यासहरूलाई निरन्तरता दिन, सकारात्मक सोचका लागि आवश्यक क्षमताको विकास गरी त्यसलाई व्यवहारमा उतार्न, सकारात्मक सोचद्वारा स्वव्यवस्थापन गर्ने उपाय अपनाउन जस्ता कार्य गर्न सक्षम हुने छन् भनी सक्षमता तोकिएको छ ।

विद्यालय तहका शिक्षामा सदाचारका विषयमा जोड दिएको कुरा माथि उल्लिखित बुँदाहरूले पुष्टि गर्छ । तर विद्यालय तहको पाठ्यक्रम र पाठ्यपुस्तकमा राखेर, कक्षाकोठामा शिक्षण सिकाइको विषयवस्तु सिकाएर, सदाचार र नैतिक आचरणमा निबन्ध लेख्न लगाएर, कविता वाचन गर्न लगाएर सार्वजनिक क्षेत्रमा काम गर्ने पदाधिकारी र कर्मचारीमा सदाचारको प्रवृत्ति सुधार हुन सक्दैन । हाल सार्वजनिक क्षेत्रम कार्यरत पदाधिकारी र निजामती कर्मचारीहरूको विद्यार्थी काल त देशलाई स्वच्छ, सदाचारयुक्त, निस्वार्थ सेवा गर्छु भन्ने भावनाले युक्त थियो तर सेवा प्रवाह गर्ने समयमा सो प्रवृत्तिमा परिवर्तन भएको.देखिन्छ ।

## भावी दिशा

१. प्रारम्भिक बालशिक्षादेखि नै चारित्रिक शिक्षा विषयलाई समावेश गर्ने, आधारभूत तहको कक्षा १ देखि ३ सम्म सामाजिक अध्ययन तथा भाषा विषयमा चारित्रिक शिक्षालाई समाहित गरी राख्ने, कक्षा ४ देखि १० सम्म चारित्रिक शिक्षालाई अनिवार्य विषयका रूपमा राख्ने, यस्ता विषयमा मानव मूल्यमा आधारित शिक्षामा जोड दिने, नैतिकता, न्याय, असल चालचलन, सद्व्यवहार, आत्मिक चेतना, आचारसंहिता, सदाचार, श्रमको सम्मान, मर्यादा, आचरण, अनुशासन, सद्गुण, शिष्टाचार, असल बानी, चाणक्य नीति, पञ्चतन्त्र, सफल तथा महान् व्यक्तिका जीवनी जस्ता विषयवस्तु समावेश गर्ने

२. आत्मिक चेतना बढाउने शिक्षामा जोड दिने, विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप, सहक्रियाकलापमा आत्मिक चेतना बढाउने कार्यक्रम सञ्चालन गर्ने, समुदाय तथा देशमा सदाचार तथा इमानदारितामा नाम चलेका व्यक्तिबाट आत्मिक चेतनाका कक्षा सञ्चालन गर्ने, विद्यालयमा समय समयमा आध्यात्मिक प्रवचन सञ्चालन गर्ने

३. भाषा विषयका विविध विधामा चारित्रिक शिक्षाका विषयवस्तु समावेश गर्ने, कथा, कविता, प्रबन्ध, नाटक आदिमा सदाचार र नैतिक चरित्रका विषयवस्तु समावेश गर्ने

४. विद्यालय शिक्षामा मात्र होइन, उच्च शिक्षाका हरेक क्षेत्रमा चारित्रिक शिक्षालाई अनिवार्य बनाउने, साधारण शिक्षाका साथसाथै विशेष गरी प्राविधिक क्षेत्रको पठनपाठनमा प्राविधिक विषयमा बढी ध्यान दिने भएकाले चारित्रिक शिक्षालाई अनिवार्य बनाउने

५. विद्यालयका हरेक गतिविधि र वातावरण सदाचार र नैतिकताका लागि नमुना र अनुकरणीय बनाउने, शिक्षकको व्यवहार, विद्यार्थीको व्यवहार, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको

व्यवहार, अभिभावकको व्यवहार, अभिभावक शिक्षक सङ्घको व्यवहार सदाचारी र नैतिकवान् बनाउने

६. समय समयमा विद्यालयमा चाणक्य नीति, पञ्चतन्त्रका कथा, नीति कथा, सदाचार र नैतिकता प्रवर्धन गर्ने पौराणिक, लोक, आधुनिक वाङ्मय आदिको पठन तथा श्रवणको प्रबन्ध गर्ने

७. विद्यालयमा साप्ताहिक रूपमा समुदायमा उच्च आचरण र सदाचार भएका व्यक्तित्वको चर्चा गर्ने, महिनाको एकपटक यस्ता व्यक्तित्वलाई विद्यालयमा आमन्त्रण गरेर प्रवचन दिने व्यवस्था मिलाउने

८. विद्यालयमा सदाचार क्लब, बाल क्लब, हरियाली क्लब, स्काउट, जुनियर रेडक्रस सर्कलको गठन गर्ने, विद्यार्थीलाई नेतृत्व सिपको विकास गर्ने अवसर दिने, सदाचारी व्यवहार देखाउन प्रोत्साहित गर्ने

९. विद्यालयका शिक्षकहरूले सदाचार, इमानदार, आचरणयुक्त व्यवहार देखाउने, शिक्षकले 'मैले गरे जस्तो गर्नु (मैले भने जस्तो गर्नु, मैले गरे जस्तो नगर्नु भन्ने चाहिँ होइन)' भनी विद्यार्थीलाई सदाचारी आचरणको नमुना प्रदर्शन गर्ने

१०. विद्यालयले शिक्षकको, विद्यार्थीको, अभिभावकको, विद्यालय व्यवस्थापन समितिका लागि आफ्नै किसिमका आचारसंहिता बनाएर लागु गर्ने, यस्ता आचारसंहिता सदाचारको प्रवर्धन गर्ने र नैतिकवान् बनाउने किसिमको बनाउने

११. शिक्षक र अभिभावकको बारम्बार भेटघाट गरी विद्यार्थीको आचरण सम्बन्धी छलफल गर्ने, विद्यार्थीले घरमा देखाउने व्यवहार र विद्यालयमा देखाउने व्यवहारको समीक्षा गर्ने वातावरण बनाउने ।

## निष्कर्ष

शिक्षा भौतिक सुख भोगका लागि होइन, मानव र समाजलाई योगदान दिने गरी मूल्य, मान्यता, नैतिकता, मानवीय र आत्मिक तथा अध्यात्म आदर्शमा जोडिएको हुनुपर्छ । शिक्षाका उत्पादन देशका लागि लाभप्रद हुनुपर्छ, देशको सेवा गर्ने हुनुपर्छ । राष्ट्रको स्वार्थप्रेरित हुनुपर्छ । इमानदार हुनुपर्छ ।

विद्यालय सार्वजनिक सेवा प्रदायक क्षेत्र हो । विद्यालय नैतिक आचरण र चरित्र विकास गर्ने संस्था पनि हो । सार्वजनिक क्षेत्रमा काम गर्ने व्यक्तिहरू विद्यालय तथा शिक्षालयका उत्पादन नै हुन् । सार्वजनिक क्षेत्रमा काम गर्ने व्यक्तिको नैतिक धरातल बलियो हुनुपर्छ । सार्वजनिक क्षेत्रमा काम गर्ने पदाधिकारी र कर्मचारीको आचरण आम मानिसका चासोका विषय हुन् । सदाचारिता नैतिक बन्धन हो । त्यसैले सार्वजनिक क्षेत्रमा कार्यरत व्यक्तिले इमानदारिता, तटस्थता, असल चालचलन, मितव्ययी जस्ता उच्च नैतिक चरित्र प्रदर्शन गर्नुपर्छ । पदीय मात्र होइन व्यक्तिगत रूपमा सदाचारयुक्त व्यवहार गर्नुपर्छ । सार्वजनिक, निजी, सहकारी, गैरसरकारी क्षेत्रमा कार्यरत व्यक्तिले व्यावसायिक निष्ठा तथा इमानदारिताको संस्कृति स्वयम् प्रदर्शन गर्नुपर्छ ।

शिक्षा आध्यात्मिक तथा मानवीय मूल्य तथा मान्यतामा आधारित हुनुपर्छ । कथा, निबन्ध, कविता, प्रबन्ध आदिले विद्यार्थीहरूमा शिक्षाप्रद कुरा, नैतिक ज्ञान, विवेकका साथै उदार सोचाइको विकास गराउँछ । पाठ्यक्रममा नैतिकता, न्याय, असल चालचलन, सद्व्यवहार, आत्मिक चेतना, आचारसंहिता, सदाचार, श्रमको सम्मान, मर्यादा, आचरण, अनुशासन, सद्गुण, शिष्टाचार, असल बानी जस्ता विषय समावेश गरी निष्ठावान् नागरिकको उत्पादन गर्न सकिन्छ । असल शिक्षा पाएका व्यक्तिबाट समाजमा सदाचारी व्यक्तित्वको निर्माण हुन्छ । यस्ता सदाचारी व्यक्तिका उपस्थिति बढेमा सामाजिक मूल्य तथा मान्यता बलियो हुन्छ । समाज तथा राष्ट्रमा भ्रष्ट आचरण भएका व्यक्तिको उपस्थिति घट्छ, सदाचारीको बढ्छ । भ्रष्ट कार्य निरुत्साहित हुन्छ । नागरिक चेतना वृद्धि भई देश सदाचार, इमानदार बन्दै शून्य भ्रष्टाचारको मुलुक बन्न सक्छ । यसमा सबैभन्दा महत्त्वपूर्ण योगदान शिक्षाको रहन्छ, शिक्षाका उत्पादनको रहन्छ ।

## सन्दर्भ सामग्री


मदसरा शिक्षाको पाठ्यक्रम प्राथमिक तह कक्षा १-५, २०६५, पाठ्यक्रम विकास केन्द्र : भक्तपुर, पृ. २ ।

गोन्पा (गुम्बा) शिक्षाको पाठ्यक्रम प्राथमिक तह कक्षा १-५, २०६५, पाठ्यक्रम विकास केन्द्र : भक्तपुर, पृ. २ ।

आधारभूत शिक्षा पाठ्यक्रम, २०६९, पाठ्यक्रम विकास केन्द्र : भक्तपुर ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६६, पाठ्यक्रम विकास केन्द्र, : भक्तपुर, पृ.३) ।

गुरुकुल शिक्षाको पाठ्यक्रम, आधारभूत तह कक्षा १-८, २०६८, पाठ्यक्रम विकास केन्द्र : भक्तपुर, पृ.२-३ ।

माध्यमिक शिक्षा पाठ्यक्रम, २०६५, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर, पृ.३)

नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३, पाठ्यक्रम विकास केन्द्र : भक्तपुर, पृ.३५-३६ ।

वाग्ले, मनप्रसाद र पौडेल, लेखनाथ, २०५५, पाठ्यक्रम र मूल्याङ्कन, विद्यार्थी पुस्तक भण्डार : काठमाडौँ, पृ.४ ।

नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू, २०७१, मकालु प्रकाशन गृह : काठमाडौँ, पृ.३३४ ।

नेपाली बृहत् शब्दकोश, २०६७, नेपाल प्रज्ञा प्रतिष्ठान : काठमाडौँ, पृ.१२२३ ।

चापागाई, चण्डीप्रसाद, २०६८, मानव मूल्यमा आधारित शिक्षा, सकारात्मक सिकाइ तथा विकास व्यवस्थापन प्रा.लि.: काठमाडौँ, पृ.४९ ।

शर्म्मा, वसन्तकुमार, २०७०, नेपाली शब्दसागर, भाभा प्रकाशन प्रा.लि. : काठमाडौँ, पृ. ९८२ र १६५४ ।

प्रसाई, बालकृष्ण र ढकाल विमलप्रसाद, २०७२, नैतिक शिक्षा र सुशासन, ट्रान्सपरेन्सी इन्टरनेसनल-नेपाल (टिआइ नेपाल), काठमाडौँ, पृ.३)